बकैया गाउँकार्यपालिकाको मिति २०७८।०३।०९ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. आर्थिक वर्ष २०७८/७९ को नीति, कार्यक्रम तथा बजेट स्वीकृत सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका बजेट तथा कार्यक्रम तर्जुमा समितीले पेश गरेको आ.व. २०७८।७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको अनुमान स्वीकृत गर्दै आगामी गाँउसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

२. बकैया गाउँपालिकाको आर्थिक विधेयक, २०७८ सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को बजेट तर्जुमा गर्न गठन भएको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेश गरेको बकैया गाउँपालिकाको आर्थिक विधेयक, २०७८ गरीछलफलका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. बकैया गाउँपालिकाको विनियोजन विधेयक, २०७८ सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को बजेट तर्जुमा गर्न गठन भएको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेश गरेको बकैया गाउँपालिकाको विनियोजन विधेयक, २०७८ छलफलका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

४. वडागत योजना स्वीकृत सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाँउ कार्यपालिकाले तोकेको वडागत बजेट सिलिङको अधिनमा रहि तथा गाँउ कार्यपालिकाले तोकेको योजना प्राथमिकताको आधार तथा मार्गदर्शनलाई अनुशरण गरी टोल भेलावाट माग भएका योजनाहरुमध्य वडा समितीको बैठकले प्राथमिकीकरण गरी मिति २०७८।०३।०७ गते गाउँपालिकामा पेश गर्नका लागि समय उपलब्ध गराईएकोमा हालसम्म पनि योजनाहरु प्राप्त नभएकोमा आगामी कार्यपालिका बैठकसम्ममा अनिवार्य उपलब्ध गराउनका लागि समय उपलब्ध गराउने निर्णय गरियो ।

५. बकैया गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको विकास निर्माणका लागि योजनाहरु कार्यान्वयन गर्ने क्रममा उक्त योजनाहरुको वातावरणीय परिक्षण तथा संक्षिप्त वातावरणीइ परिक्षण प्रायोजनार्थ "बकैया गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८" स्वीकृत गर्दै गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

६. बकैया गाउँपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको बनलाई व्यवस्थापन गर्नका लागि गाउँपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८, स्वीकृत गर्दै गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

७. बकैया गाउँपालिकाको प्रथम आवधिक योजना (आ.व. २०७७।७८-२०८१।८२) सम्बन्धमा:-

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको दिर्घकालिन लक्ष्य हासिल गर्नका लागि तथा वार्षिक योजनाहरुलाई दिशा निर्देश गर्नका लागि चालु आ.व. २०७७।७८ मा तयार भएको "बकैया गाउँपालिकको प्रथम आवधिक योजना (आ.व. २०७७।७८-२०८१।८२)" स्वीकृतीको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

८. गाउँघर क्लिनिक खोप केन्द्र भवन निर्माण सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नम्बर ४ थली स्थित गाउँघर क्लिनिक खोप केन्द्र भवन निर्माण कार्य सम्पन्न भईसकेकोमा सो भवनको निर्माण वापतको बाँकी रकम भुक्तानीका लागि स्वास्थ्य कार्यालय, मकवानपुरलाई सिफारिश गर्ने निर्णय गरियो ।

९. बसन झोलुङ्गे पुल सम्मको बाटो ग्राभेलिङ्ग सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको हात्तीसुँडेवाट बसन झोलुङ्गे पुल वाटो निर्माणको अन्तिम अवस्थामा पुगेकोमा हात्तीसुँडेदेखि झोलुङ्गे पुलसम्मको बाटो अत्यान्तै कठिन भएको हुँदा सो बाटोमा ग्राभेलिङ्गका लागि करिव १,८५,०००।- लगत अनुमान प्राप्त भएकोमा सो कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

१०. कर्मचुली देउराली खानेपानी सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ५ स्थित कर्मचुली देउराली खानेपानी मर्मत संभारका लागि उपभोक्ता समितिको योगदान सहित रु.१,६९,६४३।६७ को लगत अनुमान प्राप्त भएकोमा सो कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने निर्णय गरियो ।

११. लाहुरे टोल खानेपानी सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ५ स्थित लाहुरे टोल खानेपानी मर्मत संभारका लागि करिब रु.७१,९०९।४२- को लगत अनुमान प्राप्त भएकोमा सो कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

१२. पान्द्राली खानेपानी मर्मत सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत पन्द्राली खानेपानी मर्मतको कार्यको लागि उपभोक्ता समितिको योगदान सहित रु.१,२४,३५९।५०- लगत अनुमान प्राप्त भएकोमा सो कार्य सो कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने निर्णय गरियो ।

१३. अठारविगाहा सडक मर्मत सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नम्बर ७ को अठारविगाहा स्थित सडक मर्मतको कार्यको लागि करिब रु. ९३,०७६।५६ को लागत अनुमान प्राप्त भएकोमा सो कार्य गराई मुल्यांकन वमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

१४. जुरेली खेल मैदान सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा जुरेली खेलमैदानको उत्तर तर्फको भागमा कभर्ड हल बनाईदैरहेको र स्थानीयवासीसँगको समझदारीमा दक्षिण तर्फ खेल मैदानको क्षेत्र बढाउने निर्णय भएकोमा सो को लागि उपभोक्ता समितिको योगदान सहित रु. ६,४२,९४१।९६ लगत अनुमान प्राप्त भएकोमा सो कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

१५. दररेट सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विद्युत विस्तार अन्तर्गत छुट्याईएको योजनाहरु कार्यान्वयन गर्ने क्रममा कोभिड-१९ को दोस्रो चरणको संक्रमण तथा निषेधाज्ञा लगायतका कारणले समयमा नै कार्य गर्न नसकिएको र हालको समयमा तपशिल बमोजिमका विद्युतीय सामाग्रीहरुको बजार मूल्य जिल्ला दररेटभन्दा अत्याधिक बृद्धि भएकोले विभिन्न फर्महरुबाट माग गरिएको कोटेशनहरुको आधारमा न्यूनतम दररेटलाई चालु आर्थिक वर्षको बाँकी विद्युत विस्तारका कार्यहरु तपशिल बमोजिमको दररेट कायम गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क.सं. | विवरण | इकाई | साविक दररेट रु. (मु.अ.क. बाहेक) | कायम गर्नुपर्ने दररेट रु.(मु.अ.क. बाहेक) |
|---|---|---|---|---|
| १ | Weasal (30 sq.mm ACSR Conductor) | मिटर | ३७ | ४० |
| २ | Rabbit (50 Sq.mm ACSR Conductor) | मिटर | ५० | ६५ |
| ३ | Stay Wire | किलोग्राम | १५० | १७० |
| ४ | Cross arm channel 300mm | थान | ५४० | ७०० |
| ५ | Cross Arm channel 1200mm | थान | १६०० | २१०० |
| ६ | Brassings 600 mm | थान | २२० | २७५ |
| ७ | DO set | सेट | ८२९५ | ११५०० |
| ८ | Lighting Arrestor | सेट | ५५०० | ६५०० |
| ९ | cable shoe 50 sq.mm | थान | ६५ | १०० |

साथै मकवानपुर जिल्ला विद्युत वितरण केन्द्रबाट प्राप्त नभएकाले धनकुटा जिल्लास्थित धनकुटा विद्युत वितरण केन्द्रको विद्युतीय सामाग्रीहरुको दर विश्लेषण प्रयोग गरिएकोमा सो लाई अनुमोदन गर्ने निर्णय गरियो ।

१६. साना सिंचाई कार्यक्रम सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा आर्थिक विकास शाखाको कृषि अन्तर्गत साना सिंचाई कार्यक्रम सञ्चालनका लागि रु.१२,००,०००।- विनियोजन गरिएको र गाउँ कार्यपालिकाको मिति २०७८।११।२० गतेको निर्णय अनुसार रु. ३,००,०००।- थप गरि जम्मा रु.१५,००,०००।- विनियोजन गरिएको र कृषकहरुले रु. १६,००,०००।- को कार्यक्रम सञ्चालन गरि सम्पन्नताको विल भर्पाई पेश भएकोमा प्राविधिक मुल्याङ्कन बमोजिम सम्पुर्ण कार्य सम्पन्न भएको पाईएको र ५०% अनुदानमा विज वृद्धि कार्यक्रम धान वालीमा रु. १,२०,०००।- कार्यक्रम नभएकोमा सो शिर्षकवाट रु. १,००,०००।- साना सिंचाई कार्यक्रममा रकमान्तर गरि भुक्तानी दिने निर्णय गरियो ।

१७. ठेक्काको थप कामको भुक्तानी सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा ठेक्काको ईस्टिमेट अनुसारको काम सम्पन्न भई पहिरोको कारणले गर्दा सडक सञ्चालन गर्न नसक्ने अवस्था भएकाले थप कार्य गर्नु आवश्यकता रहेकोमा सम्बन्धित ठेकेदारसँग निजले कार्य गरेको दररेट वा सो भन्दा कम रेट हुनेगरि संझौता गरी थप कार्य समेत सम्बन्धित ठेकेदार मार्फत

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाँडीखोला, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

गराईकोमा थप कामको लागि संझौता गरी कार्य सञ्चालन गरिएको र सो कामको मुल्याङ्कनवाट तपशील बमोजिम कार्यसम्पादन प्राप्त भएकाले सोही अनुसार भुक्तानी प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

तपशील

| क्र.सं. | योजनाको विवरण | ठेकेदारको दररेट अनुसार थप ईस्टिमेटेड लागत रु. | काम सम्पन्न भए पश्चातको मूल्यांकित रकम रु. |
|---|---|---|---|
| १ | गोठखोला थली सडक, बकैया-४ | १०,०२,३५५।३९ | ८,३७,२८९।७२ |

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner